# विपश्यना

साधकहरूका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४० फागुण २०५३ वर्ष १३ अङ्क ११


## धम्मवाणी

पियो गरु भावनीयो, वत्ता च वचनक्खमो ।
गम्भीरं च कथं कत्ता, नो चट्ठाने नियोजये ॥

– *विसुद्धिमग्ग ३-६१*

जो कल्याणमित्र हुन्छ, ऊ प्रिय, गौरवशाली, आदरणीय, सुवक्ता तथा वचनसहिष्णु हुन्छ । गम्भीर कुरा गर्ने कुलतमा नलाग्ने हुन्छ ।

यस्तो हुनुहुन्थ्यो गुरुदेव

## अद्भूत प्रशिक्षण

"गोयन्का आऊ तिमीलाई हिंड्न सिकाउँछु ।" यो गुरुदेवको करुणामयी वाणी थियो । म भरखर बामे सरेको सानो शिशु त थिएन । गुरुदेवले मलाई कसरी हिंड्न सिकाउने । परन्तु साँच्चै उहाँले हिंड्न नै सिकाउनु भयो । विपश्यी साधक कसरी अघि बढ्नु पर्छ त्यही सिकाउनु भयो ।

म एक महिनाको दीर्घ शिविरमा बसेको थिएँ । दीर्घ शिविरको अनुभवको दाँजोमा दश दिवसीय शिविरको अनुभव निकै फिक्को लाग्न थाल्यो । दश दिवसीय शिविरमा भंग ज्ञानको जुन अनुभव भएको थियो त्यो अब साधारण लाग्न थाल्यो । दश दिनको आनापानको अभ्यास पश्चात विपश्यना शुरु गरियो, त्यस समयको भंग ज्ञान अपूर्व थियो । शरीरको स्थूलपना आनापानको समयमा नै समाप्त भइसकेको थियो । धारा-प्रवाहको अनुभूति पहिला सूक्ष्म हुन्थ्यो, अब धारा प्रवाह स्थूल अनुभव हुन थाल्यो । हुनत सूक्ष्म र स्थूलमा केही फरक हुने होइन, दुवै सापेक्ष नै हुन् । स्थूल वेदनामा पनि अपेक्षा भाव सूक्ष्म वेदनामा पनि अपेक्षा भाव । पूज्य गुरुदेवले वास्तविकता थाहापाउनु भयो र आवश्यकतानुसार अगाडि बढ्ने बाटो देखाउनु भयो । बडो अद्भूत अनुभव भयो ।

हिंड्दा हिंड्दै शरीरको कुनै न कुनै अंगमा सम्वेदना गराउदै अनित्य बोध पुष्ट गर्ने काम त पहिला पनि हुन्थ्यो परन्तु अब गुरुजीले शरीर भित्र गहराईसम्म सत्य-दर्शन गर्दै अगाडि बढ्न सिकाउनु भयो त्यो साँच्चै अद्भुत थियो । सम्पूर्ण शरीर एक परमाणुको पुञ्ज जस्तो । जुन तेज गतिले ब्यय भंग हुनु बाहेक अरू केही मिल्न । मन हृदय वत्थुमा लागिरह्यो कदम-कदम समग्र शरीर पिण्ड विघटन भएको अनुभव हुन थाल्यो । नदी तटको माटो नदीमा आएको बाढीले काटेर भरभराएर भासिएको जस्तो भान भयो । ती माटाका कण विघटन हुँदै कण-कण अलग्गिएको जस्तो, मानौं एक किसिमले मरुभूमिमा आएको तेज हावाले बालुवाका कण-कण अलग-अलग भएको जस्तो स्पष्ट अनुभव भयो । हिंड्दा हिंड्दा समग्र शरीरमा विपश्यना यति गम्भीर हुन सक्छ भन्ने पहिला कहिले पनि सोचेको थिएन । यसरी गुरुजीले हिंड्न सिकाउनु भयो ।

×××

त्यसरी नै एक दिन कसरी भोजन गर्ने भन्ने सिकाउनु भयो । भंग ज्ञानको अनुभव हुँदै थियो त्यही समयमा गुरुजीले भन्नु भयो "आऊ । आज तिमीलाई कसरी खाने त्यो सिकाउँछु ।"

यस पटक अनौठो त लागेन तर केही गम्भीर अनुभूतिको लागि निकै उत्सुक थियो, यसै मनोभाव लिएर भोजन कक्षमा गएँ । आश्रममा प्राय: गुरुजीसंगै बसेर नै भोजन गर्थ्यौं । आज पनि दिनहुँ जस्तै गुरुदेवको सामुन्ने एउटा पिर्कामा भोजनको लागि बसें । थालमा भोजन पस्किएको थियो । गुरुजीले एउटा खाली थाल मगाउनु भयो र भन्नुभयो "रोटी टुक्रा टुक्रा गरेर थालमा हाल ! त्यसैमा दाल, तरकारी, अचार, दही, भात इत्यादि जे छ त्यो सबै झोल, सुखा, तितो मिठो सबै त्यसैमा मिसाऊ ।" मैले त कतिपय भिक्षुहरूले मात्र यसरी खान्छ भन्ने सुनेको थिएँ । तर विपश्यी भोजनको कुरा त भिन्नै थियो । थालमा सबै परिकार मिसाए पछि गुरुजीले भन्नुभयो "अब आँखा बन्द गरेर ध्यान गर ।" गम्भीर भंग ज्ञानको साधनाबाट भरखरै उठेर आएको मात्र थिएँ । केवल भोजन कक्षको बाटो मात्र हिंडेर आएको थिएँ । अत: आँखा बन्द गरेर यथाभूत सत्यको दर्शन गर्दा गर्दै सम्पूर्ण शरीरमा परमाणूको भंग-स्वभावलाई स्पष्ट थाहा पाएँ ।

थोरै समय पछि गुरुजीले भन्नुभयो "आँखा नखोलिकन सामुन्ने राखिएको थालबाट एक गाँस भोजन लिऊ ।" भोजन छुँदा यस्तो अनुभव भयो कि मानौं भोजनमा बिजुलीको करण्ट जोडिएको थियो, हातका औंलाहरूले करण्ट छोएको जस्तो झननन् अनुभव गरें । गुरुजीको आदेशानुसार भोजनको गाँस मुखसम्म लगें । जब खानाले ओठमा छोयो त्यस समयमा पनि तीब्र सम्वेदनाको अनुभव भयो । चपाउँदा ओठमा, जिब्रोमा, गिजामा, मुखको भित्री भागमा जहाँ जहाँ भोजनले स्पर्श गऱ्यो त्यहाँ तीब्र सम्वेदनाको अनुभव भयो । भोजनको स्वाद गौण भयो । भोजनभन्दा अनित्य वोध प्रमुख हुन थाल्यो । भोजन निल्दा पनि घाँटीमा, भोजन नलीमा अनित्य वोध भयो । यसै प्रकारले एक एक गाँस गर्दै सारा भोजन समाप्त भयो, गुरुजीले भोजन

Downloaded from http://www.dhamma.digital

पश्चात विश्राम गर्ने आदेश दिनुभयो । भंग अवस्थालाई हेर्दा हेर्दै निवास स्थानसम्म आएँ र ओछ्यानमा पल्टें । आँखा बन्द थियो तर मन भित्र थियो । भोजनको परमाणु पुञ्ज र शरीरको परमाणु पुञ्जको साथ भइरहेको प्रतिक्रियालाई हेर्दै गएँ, निकै अद्भूत अनुभव भयो । पेटको हलन चलन स्पष्ट थाहा पाउनुको साथसाथै परमाणु पुञ्जको भंग ज्ञान । यस्तो विपश्यी भोजनको अनुभूतिले मन निकै प्रसन्न थियो ।

यस अघि भोजन प्रति गहिरो आसक्ति हुन्थ्यो । विशेष गरेर मसलादार चटपट एवं तारेको स्वादिष्ट भोजन प्रति । यस दीर्घ शिविर पश्चात एकाएक यस आसक्तिबाट मुक्ति पाइयो । अब सात्विक भोजन प्रति अभिरूचि बढ्न थाल्यो । पहिला त यस्तो लाग्थ्यो कि खानाको लागि बाँचिरहेको छुँ अब यस्तो लाग्छ कि जिउनको लागि खाना खाइरहेको छु । शरीरलाई सबल राखेर अध्यात्मको क्षेत्रमा यसलाई उपयोग गर्नुछ । यसको लागि शुद्ध सात्विक आहारको आवश्यकता पर्दछ । अत: भोजन शरीरको लागि मात्र हो, स्वादको लागि होइन ।

×××

## अद्‌भूत परिक्षण

विपश्यना साधनाद्वारा अन्तरमनको गहराईसम्म जाने व्यक्ति शरीरमा हुने विभिन्न प्रकारको सम्वेदना प्रति संवेदनशील हुँदै जान्छ । शुरूमा आफ्नो शरीरको परिधि भित्र सम्वेदनशील भए पनि पछि हुँदै जाँदा शरीरको बाहिर सजीव तथा निर्जीव व्यक्ति एवं पदार्थको प्रति र पछि वातावरणको तरंग प्रति पनि संवेदनशील हुन थाल्छ ।

एक समय हामी दुवै जना दश दिवसीय शिविरमा सम्मिलित भएका थियौं । दशौं दिनको साँझपख करीब सात बजे तिर शिविरको समापन भयो । घरबाट छोराहरूले लिन आए । भरखरै मात्र शिविरको समापन भएको, कृतज्ञताको भावले ओतप्रोत थियो, पूज्य गुरुदेवको चरण कमलमा वन्दना गरी उनको मंगल मैत्री लिएर घर फर्किन लागेको मात्र थिएँ, गुरुजीले छोराहरूलाई सोध्नु भयो - "ए ! आजको खेलको टिकट लियौ ।"

उनीहरूले उत्तर दिए, "अँ लियौं ।"

"तिम्रा आमा बाबुको लागि पनि लिएका हौ ?"

उनीहरूले हो भनेर उत्तर दिए । गुरुजीले खुसी हुँदै उत्तर दिनु भयो, "चाँडै जाऊ, खेल शुरू हुने बेला भैसक्यो ।"

एकदम आश्चर्य लाग्यो, गाडीमा बसेपछि छोराहरूलाई सोधें "कुन चाहिं खेलको कुरा गरिरहेको ?" उनीहरूले भने "होलिडे अन आइस ।" त्यस समय अमेरिकाबाट आइरहेका नृत्य मण्डलीको खेल तमाशा चलिरहेको थियो । खुल्ला मैदानमा बर्फ जमाएर यस मण्डलीले स्केटिंग खेल देखाइरहेको थियो । जुन देशमा बर्फ कहिले पनि परेको थिएन त्यस्तो देशमा यो बर्फमा खेलिने नयाँ खेल निकै आकर्षक भएको थियो । वर्मामा यो खेल पहिलो पल्ट देखाइएको थियो अत: दर्शकहरूको निक्कै घुईंचो थियो । छोराहरूले सबभन्दा अगाडिको टिकट लिएको रहेछ । मलाई थाहा थियो कि त्यहाँ कस्तो घिनलाग्दो वातावरण हुन्छ । त्यसैले उनीहरूलाई हपारें, "हाम्रो लागि किन टिकट लिएको ? तिमीहरूलाई हेर्नु थियो त आए भइहाल्थ्यो ।" परन्तु यस्को आदेश गुरुजीले नै दिनुभएको भन्ने सुनेर आश्चर्य चकित भएँ । गुरुजीले यस्तो आदेश दिनुहुन्छ भनेर विश्वास नै थिएन । साँच्चै आश्रमबाट निस्कँदा उहाँले छोराहरूसंग सोध्नु भएको थियो । तर यस्तो किन ? बुझ्न सकेको थिएन ।

तपोभूमिको निर्मल वातावरणमा गम्भीरता पूर्वक दश दिनसम्म साधना गरेर प्रगाढ प्रशान्तिको अनुभूति गरेर सिधै घर फर्केको भए यसको असर घरको वातावरणमा छाउँथ्यो । गुरुदेवलाई यो के भयो ? यस्तो परम वातावरणबाट एकै चोटी त्यस्तो नरकको वातावरणमा किन ढकेलेको होला ? एक छिन त अन्यौलमा परेको थियो । परन्तु के गर्ने ? घर जानुको बदलामा बर्फले बनेको त्यस क्रिडास्थल तर्फ लाग्यौं । सम्पूर्ण कुर्सी दर्शकहरूले खचाखच भरेको थियो । दर्शकहरू स्केटिंग हेर्नको लागिभन्दा ती पश्चिमी नृत्यांगनाहरूको अर्धनग्न शरीर हेर्नको लागि आएको भान भयो । त्यसैले यस्तो खुल्ला वातावरणमा पनि दर्शकहरू खचाखच थियो । हामी जुन कुर्सीमा बसेका थियौं त्यो बर्फले चिसीएको थियो तर घामले भने निक्कै पोलेको थियो । सारा वातावरणमा काम वासनाको गन्ध छाएको थियो ।

युवा अवस्थाको एक जमानामा रंगमंच प्रति निक्कै आकर्षक थियो । सामान्य आकर्षण मात्र होइन कि गहन आसक्ति थियो । विपश्यना शिविर लिंदै जाँदा एक शिविरमा एक अद्भूत अनुभव भएपछि यस्को प्रति आसक्ति विस्तारै उत्रिँदै गयो । आकर्षण विकर्षणमा बदलियो । निर्वेदमा बदलियो । गुरुदेव यस कुरालाई राम्ररी बुझ्नुहुन्थ्यो । तर आज यस्तो ठाउँमा किन पठाउनु भयो ? सिधा घर गएको भए दश दिनसम्म तपेको पूण्य सबै परिवारमा वितरण गर्थ्यौं, कस्तो प्रसन्न हुन्थ्यो ।

मनमा यस्तो विचार आइरहेको थियो । यत्तिकैमा तालीको गडगडाहटका साथै एक अर्धनग्न नर्तकी बरफको माझ स्केटिङ्ग खेल्दै आइपुगिन् । दर्शकहरू खुसीले गड्गड् थिए । यस वातावरणमा काम वासनाको गन्ध झन तीव्र भएको थियो । आँखा पोल्न थाल्यो, जीऊ सिरिङ्ग भयो । त्यही वान्ता आउला जस्तो भयो, संगै बसेकी धर्मपत्नीको पनि त्यही हालत थियो । बेहोश भएर त्यहीं ढल्ला जस्तो भयो । जुन कुर्सीमा हामी थियौं त्यस लाइनमा समाजका प्रतिष्ठित अन्य व्यक्तिहरू पनि थिए, ती मध्ये अधिक त परिचितहरू थिए । हाम्रो कारण कुनै अस्वाभाविक वातावरण नआओस्, दर्शकहरूको आमोद प्रमोदमा वाधा नपुगोस् । यस्तो मनोभावले दुवै जना सुट्ट बाहिर निस्क्यौं । छोराहरूले किन के भयो केही थाहापाएनन् । तिनीहरू पनि हाम्रो पछि लागे । गाडिमा बसेर घर तिर फर्क्यौं र आनन्दको स्वास फेर्‍यौं । हामी दुवैलाई यस्तो अप्रिय अनुभूति भयो, जुन बिर्सिन चाहेर पनि बिर्सिन सकिएन । धेरै समयसम्म भित्र अनित्य बोध पुष्ट गर्दै गर्‍यौं । ती दर्शक र नृत्यांगनाहरू प्रति मैत्री भाव जागिरह्यो ।

दोस्रो दिन साँझ सदा झैं गुरुजीको आश्रममा पुग्यौं । गुरुदेवलाई नमस्कार गर्दै छेउमा बस्यौं; उहाँले तुरुन्तै सोध्नु भयो "हिजो कस्तो अनुभव भयो ?"

Downloaded from http://www.dhamma.digital

हामीले भएभरको घटना सुनायौं । गुरुजी निकै प्रसन्न हुनु भयो । उहाँले भन्नु भयो, "त्यसैले तिमीहरू दुवैलाई पठाएको हुँ । तिमीहरू दुवै बाहिरी वातावरण प्रति कतिको संवेदनशील भयौ त्यो हेर्नु थियो । यहाँको पावन तरंगबाट निस्किएर एकै चोटी दूषित तरंगमा प्रवेश गर्दा यी दुईमा कतिको अन्तर छ स्पष्ट थाहा पाउँछौ र त्यस अकुशल तरंगको प्रति जागेको अनित्य वोध अधिक बलवान हुन्छ र त्यस प्रतिको आकर्षण जरैसम्म उखेलिन्छ ।"

प्रसन्न मुद्रामा उहाँले भन्नु भयो, "राम्रै भयो तिमीहरू दुवै जना सफल भयौ । साधु ! साधु !! साधु !!!"

हामीले पनि मन मनै साधुवाद दियौं । धन्य हुनुहुन्छ गुरुदेव !!

आभार: हिन्दी विपश्यना पत्रिका, चैत्र पूर्णिमा १९९२)

**धर्म पुत्र**
स.ना.गो.

## साधकको प्रश्न गुरुजीको उत्तर

प्र. **इच्छाको महत्तामा कुन हदसम्म र कस्तो प्रकारले विपश्यना भावनाले मद्दत या सहयोग गर्दछ ? के विना इच्छाको जीन्दगी सम्भव छ ?**

गुरुजी : आवश्यक भौतिक चाहनाहरू सन्तुष्ट पार्नु स्वभावैले जरूरी कुरो हो - जस्तै तिर्खाएको व्यक्तिलाई पानी । जे सुकै भए पनि यस्तो स्वाभाविक जरूरतमन्द कुराले चित्तलाई अस्थिर पार्ने गर्छ तर, राग र आसक्ति बृद्धि गर्ने कुरामा भने लगाउनु हुँदैन । जसबाट मन अस्थिर हुनुको साथै ब्याकुल वनाउँछ र दुखी हुन्छ । संवेदनाको सचेतताबाट एक विपश्वी साधकले राग र द्वेषको कारण मनमा उठेको ब्याकुलता, आफू भित्र उब्जेको दुःख थाहापाउँछ । यस अनुभवबाट जानेर उसले जरैदेखि राग, द्वेष उखेल्ने काममा तत्परताका साथ लाग्दछ र मुक्ति प्राप्त गर्दछ ।

प्र. **चित्त विशोधनमा लागु पदार्थ वा रक्सीले कस्तो प्रभाव पार्दछ ? वास्तवमा यसबाट पुरानो ढंगको या त्यस्तो नराम्रो जीवन शैलीबाट मुक्ति पाएको अनुभव गर्दछन् ?**

गुरुजी : विशेषतया पश्चिमबाट भाग लिन आउने अधिकांश साधकहरू लागु पदार्थ वा औषधी सेवन गरी पहिले नपाएको अनुभव पाउने गर्दछन् । तर शिविरमा भाग लिई सकेपछि तिनीहरू राम्ररी बुझ्दछन् कि ति लागू पदार्थले तिनीहरूलाई नयाँ अनुभवको बदलामा दासी मात्र बनाएको छ । विपश्यनाको अभ्यासले बाहिरी कुनै वस्तु दासी हुनुको बदला आफूलाई उच्च पाउँदछन्, आफू मनको मालिक भएको पाउँदछन्, यी दुईमा आकाश-पातालको अन्तर छ । र यसको अभ्यासबाट पुरानो दुर्व्यसनबाट सजिलै अलग्गीन सफल हुन्छन् ।

## भगवान बुद्धको जीवनकालको एक घटना

कुरु प्रदेशको एक शहर कम्मासधम्म निगम । त्यस निगमका एक जना निवासी ब्राम्हण, उनको नाम थियो मागन्दीय । उनकी एकजना सर्वांग सुन्दरी सुवर्ण-वर्णा पुत्री थिइन् मागन्दीया । त्यहाँका निवासीहरू त्यस रूपवतीलाई आफ्नो जीवन संगीनी बनाउन प्रयत्नरत थिए । परन्तु मागन्दीय भने आफ्नो पुत्री झैं रूपवान, सुवर्ण वर्ण भएको व्यक्तिको हातमा सुम्पन चाहन्थ्यो । आफ्नो मनोकांक्षा पूर्तिको लागि योग्य वरको खोजी गर्दै थियो, परन्तु सफल भने हुन सकेको थिएन ।

एक दिन, मागन्दीय भारद्वाज आश्रमको वाटो गरी हिंड्दै थियो, त्यहाँ एउटा रूखमुनी भगवान बुद्ध ध्यान गर्दै गरेको देखे । उनको सुवर्ण-वर्णको सुन्दर शरीरबाट अनुपम प्रभा प्रस्फुटित भइरहेको थियो । भगवानको रूपमा मागन्दीयले आफ्नो कन्याको लागि चाहेको जस्तै वर्ण देखे । विवाहको आफ्नो प्रस्तावलाई स्वीकारोस् भन्ने मनसायले आफ्नी रूपवती पुत्रीलाई त्यहीं ल्याउन उचित सम्झे । छोरीको मोहनी रूप-माधुरी देखेपछि अवश्य पनि स्वीकार्ने छ भन्ने सोची भगवानलाई भने, "श्रमण, तपाईं केही समय त्यहीं बस्नु होला । म मेरी छोरीलाई लिएर आउँछु, ऊ तिम्रो जीवन साथी बन्न योग्य छ ।" यति भनेर ब्राह्मण घरतिर लागे । घर पुगेर आफ्नी पत्नीलाई भन्यो, "भार्या ! हाम्रो रूपवती कन्याको लागि उपयुक्त वर पाएको छुं । तिमी मागन्दीयालाई सिंगार-पटार गरेर ल्याऊ । आज हाम्रो मनोकांक्षा पूरा हुनेभयो ।"

आमाले छोरीलाई सुगन्धित जलले नुहाइदियो । वहुमूल्य वस्त्र तथा आभूषणले सुसज्जित गऱ्यो । कुमारी मागन्दीयाको सौन्दर्य झन बृद्धि भयो । आमा-बाबु दुवै मागन्दीयालाई लिएर भारद्वाजको आश्रम तिर लागे । त्यहाँ त भगवान थिएनन । ब्राम्हणको वेकम्मा कुरा सुनेर उहाँ त्यहाँबाट उठेर हिंड्नु भयो । ब्राम्हण वडो निराश भयो । उनीहरूले भगवानको पैतालाको चिन्ह देखे, श्रमण गएको बाटो थाहापाए । दुबै जना पद चिन्ह हेर्दै, पछ्याउन थाले । ब्राम्हणको पत्नी विदुषी थिईन । वेद-वेदांगमा पारंगत थिईन् । शरीर लक्षण शास्त्रको ज्ञाता थिईन् । ब्राम्हणीले भगवान जुन रूखमुनीको घाँसमा बसेको थियो ध्यान पूर्वक हेऱ्यो । उहाँ जुन बाटो जानु भएको थियो त्यहाँ रहेको पद चिन्ह हेरेर भनिन्, "प्रिय हाम्रो मनोकामना पूरा हुँदैन । यस आसनमा बसेको व्यक्ति काम रहित छ । यस पद चिन्ह भएको व्यक्ति राग द्वेषबाट विमुक्त छ । उसले कुनै नारीलाई स्वीकार्न सक्दैन ।" ब्राम्हणलाई नरमाइलो लाग्यो । "यस्तो शुभ अवसरमा कस्तो अशुभ कुरा गरिरहेकी ?" ब्राम्हणलाई आफ्नो उद्देश्य पूर्ति हुन्छ भन्ने पूर्ण विश्वास थियो । ब्राम्हण पद चिन्ह पछ्याउँदै अगाडि बढ्यो ।

केही पर पुगे पछि भगवान देखे । मागन्दीयले हतारिदै आफ्नो छोरीको हात भगवान समक्ष राख्दै भने, "महा श्रमण ! मेरी यस रूपवती सुकन्यालाई कृपया तपाईं स्वीकार गर्नुहोस् । तपाईंहरू दुबैको रूप सौन्दर्य उपयुक्त छ, यिनको साथमा सुखी गृहस्थ जीवन बिताउनुहोस् ।"

भगवानले भन्नु भयो, "ब्राम्हण ! म गृहस्थ जीवनबाट मुक्त भइसकें, म काम रहित हुँ, वीत राग हुँ । आफ्नो पुत्रीको विवाह कोही अरूसंग गरिदेऊ ।"

ब्राम्हण जिद्दी गर्न थाले, भगवानले फेरि भन्नु भयो, "ब्राम्हण

Downloaded from http://www.dhamma.digital

म सम्यक् हुँ, अर्हत हुँ । सम्बोधि प्राप्त गर्दा वोधिवृक्ष मुनी जब मार देवले सहन सकेन तब साधना च्यूत गर्नको लागि आफ्ना तीन सुन्दरी पुत्रीहरूलाई पठाएको थियो । तृष्णा, रती र रागणी । ती परम मोहिणी देव कन्याहरू प्रति मेरो मनमा अलिकति पनि वासना जागेन । यो मानव शरीर विभिन्न प्रकारको मलमूत्रले भरीएको छ, ब्राम्हण म सम्पूर्ण वासनाबाट मुक्त भइसकें ।"

ब्राम्हणी भगवानको वाणी सुनेर अत्यंत प्रभावित भईन् । भगवानको प्रभामण्डल युक्त शान्ति कान्ति पूर्ण मुहारले सम्यक् सम्बुद्धको गुण अभिव्यक्त गरिरहेको थियो । त्यो ब्यक्ति अर्हत हो भनेर आफ्नो पतिलाई खूव सम्झायो, बुझायो । आफ्नो छोरीको विवाह त्यस ब्यक्तिसंग हुने आशालाई त्यागीदिन भनिन् । "छोरीको लागि केटाको खोजी गर्दा कोही सम्यक् सम्बुद्धको सम्पर्कमा आउनु नै हाम्रो सौभाग्य हो, यिनीसंग मुक्तिको मार्ग सिकेर आफ्नो यो मानव-जीवन सार्थक बनाऊँ ।" ब्राम्हणले आफ्नो पत्नीको कुरा मान्यो । छोरीलाई भाईको हातमा जिम्मा लगाई दियो र भन्यो, "यसको विवाह गरिदेऊ ।" आफू पत्नी सहित भगवानको समक्ष बसे । विपश्यना साधना सिकेर अभ्यास गर्दा गर्दै अर्हत अवस्था प्राप्त गरे ।

ब्राम्हणकी छोरी मागन्दीयालाई आफ्नो रूप सौन्दर्यको वडो अभिमान थियो । भगवानले उनको रूप सौन्दर्यको अनादार गरेको सम्झीन् । केही समय पछि उनको विवाह कौशाम्वीका राजा उदयनसंग भयो । उनका तीन महारानीहरू मध्ये एक भईन् । परन्तु भगवानसंग बदला लिने द्वेष भावना भने उनमा विद्यमान थियो । रानी श्यामावती भने भगवान प्रति अत्यन्त श्रद्धालु थिईन् । भगवानको उपदेशको पालना गर्दथिइन् । मागन्दीयाले अनेक षडयन्त्र रचे । श्यामावतीको प्रति उदयनको मनमा शंका उब्जायो । उसलाई अनेक लान्छना लगाइन् र अन्तमा श्यामावतीलाई मार्न लगाईन् । पछि वास्तविकता प्रकट भयो, उदयनले मागन्दीयालाई घोर सजाँए दिए ।

मागन्दीयाको मातापिताले भगवानको निरामिष दर्शन गरे र जीवन मुक्त भए, परन्तु मागन्दीयाले भगवानको सामिष दर्शन मात्र गरे र आफ्नो अमंगल गरिन् ।

## धर्म गाथा

### हिन्दी

गुरुवर की संगत मिले, जागे पुण्य अनन्त ।
भव-वंधन से छुटन का, पंथ दिखाए संत ॥

अर्न्तमन की गहनता, सहज न देखी जाय ।
गुरुवर की होवे कृपा, मुक्ति-युक्ति मिल जाय ॥

प्रिय अप्रिय अनुभूतियाँ, सब अनित्य ही होय ।
राग द्वेष इनसे बढें, बंधन दृढ ही होय ॥

बाहर भीतर एक सा, अनित्यता का जाल ।
जो निकले इस जाल से, होवे मुक्त निहाल ॥

छह दरवाजों पर चले, विषयों का संसर्ग ।
इनसे जो अविचल रहे, पाय मोक्ष अपवर्ग ॥

अनुकम्पा हो संत की, मुक्ति द्वार के खोल ।
देख अनित्य असंग हो, पाए नित्य अमोल ॥

**मंगल कामना सहित**
मदन कृष्ण कायस्थ
रोडहाउस, क्याफे, ठमेल
फोन नं. २२९१८७

### हिन्दी

सबका मंगल सबका मंगल, सबका मंगल होंय रे ।
तेरा मंगल तेरा मंगल, तेरा मंगल होंय रे ॥

दृश्य और अदृश्य सभी, जीवोंका मंगल होंय रे ।
जल के थल के और गगन के, प्राणी सुखिया होंय रे ॥

दसों दिशाओं के सब प्राणी, मंगल लाभी होंय रे ।
निर्भय हों निर्बैर बनें सब, सभी निरापद होंय रे ॥

फिर से जागे धर्म जगत में फिर से होवे जन कल्याण ।
जागे जागे धर्म जगत में होवे होवे जन कल्याण ॥

राग द्वेष और मोह दूर हो जागे शील समाधि ज्ञान ।
जन जन के दुखडे मिट जायें फिर से जाग उठे मुस्कान ॥

जागे जागे धर्म की वाणी, मंगल मूल सदा कल्याणी ।
जागे बुद्ध सदृश कोई ज्ञाणी, होंय सुखी सब जगके प्राणी ॥

**मंगल कामना सहित**
भाजुरत्न फर्मा
वीरगञ्ज ।

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५/३७१००७ २०५३ फागुण
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०/२-२३९६८/२-४८९४९/२-५०५८१
*मुद्रक :* **नेपाल प्रेस**, शुक्रपथ, काठमाडौं, नेपाल । फोन : २२१० ३२, फ्याक्स : (+९७७-१) २२५ ४५०

जि.प्र.का.द.नं. ३८/५१/५२
हुलाक द. नं. १४/५१/५२

● वार्षिक शुल्क रू. २४/-

साधकको नाम : ..............................
ठेगाना : ..............................

Downloaded from http://www.dhamma.digital